सुँगुरबंगुर प्रबर्धन संचालन कार्यविधि २०७९

१)प्रस्तावना :

निर्वाहमुखी र परम्परागत पशुपालन क्षेत्रलाई व्यवसायिक बने पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्वको वृद्धिबाट कृषकहरु को जिवनस्तरमा सुधार तथा आर्थिक उन्नति मार्फत गाउँपालिकालाई पशु उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले "**सुँगुरबंगुर प्रबर्धन संचालन कार्यविधि २०७९"** बनाई लागु गरेको छ ।

परिच्छेद -१

प्रारम्भिक

१.**सम्क्षिप्त नाम र प्रारम्भः**(१)यो कार्यविधिको नाम "**सुँगुरबंगुर प्रबर्धन संचालन कार्यविधि २०७९"रहेको छ ।**

(२)यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२.**परिभाषाः** विषय र प्रसंगले आर्को अर्थ नलागेमा यस कार्यविधिमा ,-

(क)"आवेदक " भन्नाले कार्यविधि र सार्वजनिक सूचना मुताबिक प्रस्ताव पेश गर्न योग्य कृषक समूह/सहकारी/निजि उधमीलाई सम्झनु पर्छ ।

(ख)"कार्यालय" भन्नाले गाउँपालिका र अन्तर्गत स्वीकृत कार्यक्रम बमोजिम बजेट खर्च गर्न अख्तियारी प्राप्त निकाय सम्झनु पर्छ ।

(ग)"गाउँपालिका"भन्नाले गंगाजमुना गाउँपालिका,फुलखर्क धादिङ्ग,नेपाल(बागमती प्रदेश) सम्झनु पर्छ ।

(घ)"प्रस्ताव"भन्नाले कार्यालयले सार्वजनिक गरेको अनुदान सम्बन्धि सूचना अनुसार आवेदकले निर्धारित ढाँचामा तयार गरि पेश गरेको कार्ययोजना सहितको आवेदन सम्झनुपर्छ ।

(ङ्)"शाखा"भन्नाले पशु सेवा शाखा सम्झनुपर्छ ।

(च)"साझेदार संस्था" भन्नाले छनौट भई कार्यालयसंग व्दिपक्षीय सम्झौता गर्ने पशुपलानमा आबद्ध कृषक समूह/सहकारी/निजि उधमीलाई सम्झिनु पर्छ ।

३)उदेश्यः यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छ ;-

क.पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरि आय आर्जन र पोषण सुरक्षामा टेवा पुर्याउने,

ख.मासुको उत्पादन लागत कम गर्ने

ग.उन्नत स्रोत केन्द्रहरुको विस्तार गरि पशु आहारामा गाउँपालिकालाई आत्मनिर्भर बनाउने ,

घ.निर्यात योग्य,गुणस्तर योग्य बनाउन आवश्यक असल पशुपालन अभ्यास जस्ता बिषयलाई अबलम्बन गर्ने ,

ङ.पशुपालक कृषकहरु लाई व्यवसायमुखी बनाई रोजगार प्रबर्धनमा सहयोग पुर्याउने,

परिच्छेद -२

<u>कार्यक्रम संचालन प्रक्रिया</u>

<u>४) प्रस्ताव आवहान :</u>

कार्यालयले यस अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक आवेदक संस्थाहरु लाई लक्षित गरि प्रस्ताव पेश गर्न कार्यालयको सूचना पाटीमा पन्ध्र (१५) दिनको म्याद राखी अनुसूची -१ बमोजिमको सूचना प्रकाशन गर्नुपर्ने छ |माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा कार्यालयले पुन :सात (७)दिनको समय सिमा राखी एक पटकको लागि प्रस्ताव आवहानको सूचना प्रकाशन गर्न सक्नेछ |आवेदन पेश गर्दा अनुसूची -२,अनुसारका कागजात सहित पेश गर्नुपर्ने छ |

<u>५) प्रस्ताव दर्ता :</u>

कार्यक्रममा सहभागी हुन अनुसूची -३ बमोजिमक न्युनतम मापदण्ड पुरा गरेका इच्छुक साझेदार संस्थाले दफा -४ मा उल्लेखित समय सिमा भित्र आवश्यक कागजात सहित अनुसूची-४,बमोजिम आवेदन पत्र दर्ता गर्नुपर्ने छ |

<u>६)आवेदकको योग्यता :</u>

(क)अनुदानको लागि आवेदन पेश गर्दा आवेदक फर्म/समूह तथा सहकारीले छनौट गरेको क्षेत्रको उद्देश्यलाई समेटेर सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्नेछ र सम्बन्धित कार्यालयबाट प्रथम पटक सूचना प्रकाशन भएको मिति भन्दा पहिले दर्ता भएको हुनुपर्नेछ |

(ख)आवेदक कुनै वित्तीय संस्था वा सरकारी निकायको कालो सुचीमा नपरेको हुनुपर्नेछ |

(ग)आवेदकले बिगत २ वर्ष यता कुनै पनि सरकारी निकायबाट सोहि प्रकृतिको कामको लागि अनुदान सहयोग नलिएको हुनुपर्नेछ |

(घ)आवेदक संस्थाले आवेदन दर्ता गर्नका लागि अनुसूची -३,मा उल्लेख भए बमोजिम न्युनतम मापदण्ड पुरा गरेको हुनुपर्नेछ |

(ङ)अनुदानको लागि आवेदन पेश गर्दा आवेदक फर्म/समूह तथा सहकारीले सम्बन्धित कार्यालयबाट प्रथम पटक सूचना प्रकाशन भएको मिति भन्दा पहिले नै अघिल्लो आर्थिक वर्षको करचुक्ता भएको हुनुपर्नेछ ।

७)प्रस्ताव मुल्यांकन तथा स्थलगत प्रमाणीकरणः (१)प्राप्त भएका प्रस्तावहरुको प्रारम्भिक मुल्यांकन गरि स्थलगत प्रमाणीकरण पश्चात कार्यालयमा स्वीकृतिका लागि सिफारिस गर्ने सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४मा व्यवस्था भए बमोजिमको मुल्यांकन समिति रहने छ ।

(२)उपदफा (१) बमोजिम गठित समितिले आवश्यक ठानेमा बढीमा २ जना सम विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३)उपदफा (१)बमोजिम गठिक मुल्यांकन समितिले अनुसूची-५स्थलगत प्रमाणीकरण र अनुसूची-६ बमोजिम मुल्यांकन गर्दा ५० प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गर्ने आवेदकलाई मात्र छनौटका लागि कार्यालयमा सिफारिस गर्नु पर्नेछ ।

(४)स्थलगत अनुगमन,मुल्यांकन र प्रमाणीकरण बापत रकम पालिकाको नियमानुसार कुल बजेटबाट छुट्टाई कर्मचारी/पदाधिकारीलाई पारिश्रमिक उपलब्ध गराइनेछ ।

८)प्रस्तावको जानकारी :स्वीकृत भएका प्रस्तावहरु को जानकारी र प्रस्ताव छनौट बारे निबेदन/उजुरी गर्न सम्बन्धित संस्थालाई सात (७)दिनको समय सिमा राखी सूचना प्रकाशन गरिनेछ ।

(९)सम्झौता :(१)स्वीकृत प्रस्तावका आबेदखारू संग कार्यालयले अनुसूची -७ बमोजिमको व्दिपक्षीय सम्झौता गरि कार्यक्रम कार्यान्वयन गर्नेछ ।

(२)तोकिएको अवधि भित्र व्दिपक्षीय सम्झौता हुन नसकेमा योगयता क्रमको आधारमा छनौट हुने आवेदक संग सम्झौता गरि कार्यक्रम कार्यान्वयन गरिने छ ।

१०)भुक्तानी प्रक्रियाः

(१)अनुदान रकम सम्झौता भएको मिति भन्दा पहिले सम्पन्न भएका कार्यहरुमा खर्च गर्न पाइनेछैन ।

(२)बार्षिक स्वीकृत कार्यक्रमको बजेट परिधि भित्र रही कार्यक्रम संचालनको लागि बढीमा ५०% अनुदान प्रदान गरिने छ ।

(३)सम्बन्धित साझेदारले सम्झौता अनुसारको कार्य सम्पन्न गरेपछी नेपाल सरकारबाट मान्यता प्राप्त प्राबिधिकले तयार गरेको कार्य सम्पन्न प्रतिबेदन (भौतिक संरचनाको हकमा),पशु प्राविधिकको अनुगमन प्रतिबेदन,बिल,भरपाई,सम्बन्धित वडाको सिफारिस र अन्य कागजातका साथ भुक्तानीका लागि अनुरोध गरे पश्चात

सम्बन्धित कार्यलयले निरीक्षण गरि मनाशिव ठहरेमा अनुदान रकमको नियमानुसार कान्टिनजेन्सी र कर कट्टा गरि हुन आउने रकम सम्बन्धित बैंक खातामा भुक्तानी गरिनेछ ।

परिच्छेद -४

विविध

११)प्रगति प्रतिवेदन:अनुदान प्राप्त गर्ने साझेदार संस्थाले बार्षिक रुपमा प्रगति प्रतिवेदन सम्बन्धित शाखामा र शाखाले एक तह माथि पठाउनु पर्नेछ ।

१२)बाधा अड्काउ फुकाउने :यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँपालिकाले संशोधन र परिमार्जन गर्न सक्नेछ ।

१३)कारबाहीको व्यवस्था :साझेदारले सम्झौता बमोजिम अनुदान रकम लाई दुरूपयोग गरेमा गाउँपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ र दुई (२)वर्ष सम्म गाउँपालिकाबाट संचालन हुने अनुदानको कार्यक्रममा समावेश गरिने छैन ।

१४)प्रचलित कानुन बमोजिम हुने:यस कार्यविधिमा उल्लेख भएका बुंदाहरु प्रचलित कानुन संग बझिएमा प्रचलित कानुन बमोजिम नै हुनेछ ।

अनुसूची -१

(दफा ४ संग सम्बन्धित)

<u>प्रस्ताव आह्वानको सुचनाको ढाँचा</u>

प्रथम पटक प्रकाशित मिति ....

................................(कार्यालयको नाम)...........आ.व...........को स्वीकृत बार्षिक कार्यक्रम अनुसार ....(कार्यक्रमको नाम)..........कार्यक्रम संचालनका लागि ....(कार्यक्रम क्षेत्र).........अन्तर्गत इच्छुक पशुपालक कृषक समूह/सहकारी/निजि उधमीले यो सूचना प्रकाशित मितिले पन्ध्र(१५) दिन भित्र रु १०को हुलाक तोकत टाँसी **<u>"सुँगुरबंगुर प्रबर्धन संचालन कार्यविधि २०७९"</u>**को अनुसूची -२ अनुसारका कागजातहरु ,अनुसूची-४ बमोजिमको आवेदन पत्र राखी ....(कार्यालयको नाम)........मा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ |साथै रित नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन |

अनुसूची -२

(दफा-५संग सम्बन्धित)

<u>आवेदन पत्र साथ संगलग्न गर्नु पर्ने कागजातहरु</u>

१)सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,

२)कृषक समूह/सहकारी/निजि उधमी दर्ता र PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि,

३)गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि (वा अन्य कुनै प्रमाणित कागज),

४)कृषक समुह/सहकारीको हकमा बैठक निर्णय प्रतिलिपि,

५)जग्गाको स्वमित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा पाँच(५)बर्षको करार सम्झौता पत्र,

६)सम्बन्धित स्थानीय तहको सिफारिस,

७)समूह/सहकारीले अनुदान माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरि कृषकको नाम र ठेगाना खुलाइएको निर्णय प्रतिलिपि,

अनुसूची -३

(दफा-५संग सम्बन्धित)

कार्यक्रम सहभागिताका लागि न्युनतम मापदण्ड

कार्यक्रमको नामःसुँगुरबंगुर प्रबर्धन कार्यक्रम		
(क)	लगानी योग्य क्रियाकलापहरु	१)खोर निर्माण (प्राबिधिक इस्टिमेटको आधारमा) २)प्रजननका लागि उन्नत भाले (बिर)खरिद, ३) उन्नत जातका पाठापाठी खरिद, ४)जैविक सुरक्षा (मलमुत्र व्यवस्थापन,बारबन्देज)सम्बन्धि कार्य ५)फर्म मेशिनरी औजार तथा उपकरणहरु खरिद (पिग क्याचर,ब्रस कटर,जेट प्रेसर,फिड मेशिन,औषधि,ड्रेन्चिङ्ग गन आदि), ६)स्थलगत तालिम ७)परिजिवी नियन्त्रण खोप कार्य संचालन ।
(ख)	अनुदान रकम	विनियोजित बजेटको अधिनमा रही बढीमा ५० प्रतिशत
(ग)	न्युनतम मापदण्ड	१) आवेदक निजि फर्म भएमा १५ओटा माउ र १ ओटा भाले बंगुरसुँगुर अनिबार्य भएको हुनुपर्ने छ । २) आवेदक समूह/सहकारी भएमा प्रति सदस्य ५ ओटा माउ बंगुरसुँगुर अनिबार्य भएको हुनुपर्ने छ । ३) समुहको हकमा कम्तिमा १० सदस्य अनिबार्य हुनुपर्ने छ ।
(घ)	आवेदक	कृषक समूह /सहकारी/निजि उधमी

अनुसूची -४

(दफा-५संग सम्बन्धित)

आवेदनको ढांचा :

मिति :

श्रीमान् कार्यालय प्रमुख ज्यु

....

बिषयःप्रस्ताव पेश गरिएको बारे ।

महोदय,

ताहा कार्यालयको मिति ....गतेको प्रकाशित सूचना अनुसार ....कार्यक्रम संचालन गर्न इच्छा भएकोले तपशिल अनुसारका कागजातहरु संगलग्न राखी यो निबेदन पेश गरेको छु/छौं ।उक्त कार्यक्रम प्राप्त भएमा व्दिपक्षीय सम्झौता र कार्यविधिमा भएका शर्त र मापदण्ड परिपालना गरि कार्यक्रम संचालन गर्ने प्रतिबद्धता गर्दछु/छौं साथै सम्झौता र मापदण्ड बिपरित गरेको पाइएमा प्रचलित कानुन बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु /छौं ।

संग्लन कागजातहरुः

१)..

२)...

३)...

४)...

५)...

आवेदक

औंठा छाप

दाँया	बाँया

हस्तक्षरः

नामः

पद :

ठेगाना :

सम्पर्क नम्बर :

छापः

अनुसूची -५

स्थलगत प्रमाणीकरण प्रतिवेदन ढांचा

कार्यक्रमको नाम :

आवेदक संस्थाको नाम र ठेगाना :

स्थलगत प्रमाणीकरण मिति :

१.भौतिक पूर्वाधारको आवस्था

भौतिक पूर्वाधार	भएको	नभएको	कैफियत
बाटो			
बिजुली			
पानी			
बजार सुबिधा			
अन्य			

२.चरण तथा घाँस खेतीको अवस्था :

	चरन क्षेत्र	घाँस खेति
मुख्य घाँसका जातहरु		
घाँस खेति क्षेत्रफ़ल		
जग्गाको स्वामित्व		

३.पशुपालन तथा उत्पादनको अवस्था :

पशु प्रजाति	पशु संख्या					उत्पादन/बिक्रि (मासु)
	माउ	पाठापाठी	कोरेली	बिर	जम्मा	
बंगुरसुँगुर						
बदेल						

४.प्रयोग भइरहेका मेशिनरी औजार/उपकरणहरु :

मेशिनरी औजार/उपकरणहरु को नाम	संख्या

५.भौगोलिक हिसाब उपयुक्तता भए/नभएको ………………………………………………………….

६.संस्थाले गरेको नविनतम कार्यहरु :

क)...

ख)...

ग)...

७.स्थलगत निरिक्षण टोलीको रायः

छनौटका लागि सिफारिस गर्न उपयुक्त रहेको/नरहेको

....

८. स्थलगत निरिक्षण गर्ने पदाधिकारी/कर्मचारीहरु को विवरण

पदाधिकारी/कर्मचारीको नाम	पद	सम्पर्क नम्बर	हस्ताक्षर

अनुसूची-६

(दफा ७ (३)संग सम्बन्धित)

मुल्यांकन गर्ने आधारहरु

कार्यक्रमको नामः

आवेदक संस्थाको नाम र ठेगानाः

मितिः

मुल्यांकन

क.स.	सूचक	अधिकतम अंक	प्राप्तांक	कैफियत
१	भौतिक पुर्बाधार(बाटो,बिजुली,पानी,बजार सुबिधा आदि)	२०		
२	संस्था दर्ता अवधि(५ वर्ष वा सो भन्दा बढी भएमा पूर्ण अंक मानी मुल्यांकन गरिने	५		
३	हाल पालिरहेको पशु संख्या/क्षेत्रफ़ल(प्रस्ताव गरिएको कार्यक्रमसंग सम्बन्धित मात्र)	२०		
४	आहारा व्यवस्थापन (सुँगुर/बंगुर/बँदेलको हकमा)	१५		
५	मेशिनरी औजार उपकरणको प्रयोग तथा नविनतम कार्यहरु	१०		
६	जैविक सुरक्षाको अवस्था तथा उपयोग	१५		
७	बैदेशिक रोजगारीबाट फर्की पशु व्यवसायमा आवध (५ बर्ष भन्दा बढी अवधिलाई पूर्ण अंक मानी)	५		
८	सम्बन्धित क्षेत्रमा तालिम	१०		
जम्मा		१००		

मुल्यांकन गर्ने पदाधिकारी/कर्मचारीहरु को विवरण

पदाधिकारी/कर्मचारीको नाम	पद	सम्पर्क नम्बर	हस्ताक्षर

अनुसूची-७

(दफा-९ संग सम्बन्धित)

व्दिपक्षीय सम्झौता पत्र

आर्थिक बर्ष ....मा संचालन हुने ....कार्यक्रमका लागि ....(कार्यालयको नाम)..........(यस पछी प्रथम पक्ष भानिने र छनौट भएका ....पालक साझेदार संस्था ....(दोस्रो पक्ष भानिने)बीच तपशिलका शर्तानामाहरु को अधिनमा रही कार्यक्रम संचालन गर्न व्दिपक्षीय सम्झौता गरि एक/एक प्रति बुझी लियौं/दियौं ।

तपशिल :

१. प्रथम पक्षले ....कार्यक्रम संचालनका लागि इस्टिमेट गरिएको रकम रु ....(अक्ष्यरुपी)........को कार्य सम्पन्न भएपछी ....(कार्यालयको नाम)...........बाट उपलब्ध गराइने अनुदान रकम रु ....(अक्ष्यरुपी)........को नियमानुसार कन्टिनजेन्सी र कर कट्टा पश्चातको रकम दोस्रो पक्षलाई बैंक खाता मार्फत भुक्तानी गर्नेछ ।

२.दोस्रो पक्षले तपशिल अनुसारका क्रियाकलापहरु मिति .... भित्र कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

क्र.स.	क्रियाकलाप	इकाई	परिमाण	अनुदान रकम	स्वलगानी	अनुदान रकम

३.दोस्रो पक्षले सम्झौता अनुसारको कार्य सम्पन्न गरेपछि नेपाल सरकारबाट मान्यता प्राप्त प्राबिधिकले तयार गरेको कार्य सम्पन्न प्रतिबेदन(भौतिक संरचनाको हकमा),बिल,भरपाई,सम्बन्धित वडा सिफारिसर अन्य आवश्यक कागजातका साथ भुक्तानीका लागि अनुरोध गरे पश्चात सम्बन्धित कार्यालयले स्थलगत निरिक्षण गरि मनाशिव ठहरेमा नियमानुसार प्रथम पक्ले भुक्तानी गर्नेछ |

४.प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन निरिक्षण गरि सम्झौता मुताबिक कार्य भए/नभएको सल्लाह/सुझाव दिन सक्नेछ |

५.दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको माशिक प्रगति उपलब्धि एवं कारोबार सम्बन्धि विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ |

६.दोस्रो पक्षले सम्झौता अनुरुप कार्य नगरेमा प्रथम पक्षले अनुदान रकम भुक्तानी गर्ने छैन |

७.दोस्रो पक्षले कार्यक्रम अधुरो छाडी अनुदान रकम दुरूपयोग गरेको पाइएमा प्रथम पक्षले अनुदान रकम प्रचलित एननियम बमोजिम सरकारी बाँकि/बक्यौता सरह असुल उपर गर्नेछ |

८.कार्यक्रम संचालनको दौरानमा कुनै बिषय हेरफेर वा परिमार्जन गर्नु पर्दा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ |

प्रथम पक्षको तर्फबाट
हस्ताक्षरः
नामः
पदः
कार्यालयको छाप :
रोहवर
हस्ताक्षरः
नामः
पदः
कार्यालयको छाप :

दोस्रो पक्षको तर्फबाट
हस्ताक्षर :
नामः
पदः
सस्थाको छापः
रोहवर
हस्ताक्षरः
नामः
पदः
सस्थाको छापः

सन्दर्भः पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यविधि२०७८लाई आधार मानी **"सुँगुरबंगुर प्रवर्धन कार्यक्रम संचालन कार्यविधि २०७९"** तयार गरिएको छ |